# प्रदेश राजपत्र


बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, साउन १९ गते, २०८२ साल (अतिरिक्ताङ्क ०८


## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

बागमती प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं. ०३

## प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन

<u>**प्रस्तावना:**</u> प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "प्रदेश औद्योगिक व्यवसाय (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ मा संशोधनः**</u> प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ **(यसपछि "मूल ऐन" भनिएको)** को दफा २ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।"

(२) खण्ड (ज१) लाई (ज२) कायम गरी देहायको खण्ड (ज१) राखिएको छः-

"(ज१) "परिषद्" भन्नाले दफा ३१ बमोजिम गठित परिषद् सम्झनु पर्छ।"

(३) खण्ड (द) पछि देहायको खण्ड (द१) थप गरिएको छ।

"(द१) "विभाग" भन्नाले सङ्घीय कानून बमोजिम स्थापित "उद्योग विभाग" सम्झनु पर्छ।

(४) खण्ड (ध) झिकिएको छ।

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पाँच दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (३) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१), (३) र (४) मा रहेका "समिति" भन्ने शब्दहरूको सट्टा "परिषद्" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (३) र (४) झिकिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः-

"(५) प्रदेश बाहिर कुनै उद्योगको स्थानान्तरण गर्नु परेमा सम्बन्धित प्रदेशको प्रचलित कानून बमोजिम प्रकृया पुरा गरी सम्बन्धित उद्योग हेर्ने निकायबाट सहमति प्राप्त भएमा दर्ता गर्ने निकायले स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।"

६. **मूल ऐनको दफा ११क. मा संशोधनः** मूल ऐनको दफा ११क. को,-

(१) उपदफा (२) मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पैंतीस दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुँजी वृद्धि वा क्षमता वृद्धि गर्दा वा हेरफेरबाट प्रचलित वातावरण सम्बन्धी कानूनी व्यवस्था बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।"

७. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (३) मा रहेका "समय सहीमा" भन्ने शब्दहरूको सट्टा "समय सीमा" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल ऐनको दफा १५क. मा संशोधनः** मूल ऐनको दफा १५क. को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यम (सबै) र घरजग्गा बाहेक पाँच लाख रुपैयाँसम्मको स्थिर पुँजी भएको घरेलु उद्योग र साना उद्योग - स्थानीय तहमा

(ख) खण्ड (क) बाहेकको घरेलु उद्योग र साना उद्योग - कार्यालयमा

(ग) मझौला उद्योग - निर्देशनालयमा"

(२) उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि रात्रिकालीन बासको

सुविधा प्रदान गर्ने गरी स्थापना भएका प्रदेशभित्रका कुनै पनि होटल, लज, रेष्टुरेन्ट, फास्टफुड वा यस्तै प्रकृतिका होटेल स्थानीय तहमा दर्ता भएको भए यो उपदफा प्रारम्भ भएको तीन महिनाभित्र उपदफा (१) बमोजिमको प्रदेशको कार्यालयमा दर्ता गर्नुपर्नेछ। यसरी सो अवधिभित्र दर्ता नगर्ने होटललाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।"

(३) उपदफा (४) को खण्ड (घ) पछि देहायको वाक्यांश थप गरिएको छः-

"तर विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग दर्ता पश्चात सोको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेको "अद्योगिक" भन्ने शब्दको सट्टा "औद्योगिक" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई पुँजी अनुसार यस प्रदेशमा दर्ता गर्दा लाग्ने दस्तुर रकमबाट सम्बन्धित प्रदेशमा पहिला दर्ता गर्दा लागेको दस्तुर घटाई हुन आउने दस्तुर राजस्व दाखिला गराई स्थानान्तरण गरिनेछ।"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा कानून बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।"

१०. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को खण्ड (ङ) मा रहेका "विश्वविद्यालयहरु" भन्ने शब्दपछि "आविष्कार केन्द्रहरु" भन्ने शब्दहरू थपिएका छन्।

११. **<u>मूल ऐनको दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम भनी भू-वर्गीकरण गरेमा सो क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम घोषणाको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।"

(२) उपदफा (२) मा रहेका "उद्योग स्थापना गर्न" भन्ने शब्दहरुको सट्टा "औद्योगिक क्षेत्र/ग्राम घोषणा/सिफारिस गर्न" भन्ने शब्दहरु राखिएका छन्।

१२. **<u>मूल ऐनको दफा २७ मा संशोधनः</u>** मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. **सफाई पेश गर्ने मौका दिइने:** (१) यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।"

**१३. मूल ऐनको दफा २८ मा संशोधन:** मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. **पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले स्थानीय तहको हकमा सम्बन्धित जिल्ला अदालतमा र प्रदेशस्तरको निर्णयको हकमा उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।"

**१४. मूल ऐनको दफा २९ मा संशोधन:** मूल ऐनको दफा २९ को,-

(१) उपदफा (७) मा रहेको "हाडताल" भन्ने शब्दको सट्टा "हड्ताल" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (७) को खण्ड (ख) मा रहेको "बाँधा" भन्ने शब्दको सट्टा "बाधा" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबिच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।"

१५. **<u>मूल ऐनको परिच्छेद-८ मा संशोधन:</u>** मूल ऐनको परिच्छेद-८ को परिच्छेद शीर्षकमा रहेको "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ।

१६. **<u>मूल ऐनको दफा ३१ मा संशोधन:</u>** मूल ऐनको दफा ३१ को,-

(१) दफा ३१ को ठाउँ ठाउँमा रहेको "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१) को खण्ड (क) मा रहेका "मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्री, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (१) को खण्ड (झ) मा रहेका "सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सचिव, श्रम र रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (१) को खण्ड (ञ) मा "सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(५) उपदफा (१) को खण्ड (ठ) मा "सचिव, सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सचिव, सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (१) को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थप गरिएको छः-

"(ठ१) सचिव, वन तथा वातावरण सम्बन्धी
विषय हेर्ने मन्त्रालय -सदस्य"

१७. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को,-

(१) दफा ३२ को ठाउँ ठाउँमा रहेको "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१) को खण्ड (ध) पछि देहायको खण्ड (ध१) थप गरिएको छः-

"(ध१) अनुसूची १ मा उल्लिखित उद्योगहरूलाई सहमति प्रदान गर्ने।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) बमोजिमको परिषद्मा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभई बैठक सञ्चालन हुने छैन।"

१८. **मूल ऐनको दफा ३५ मा संशोधनः** मूल ऐनको दफा ३५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (१) बमोजिम स्थापना भएका लघु उद्यम दर्ता र नवीकरण गर्दा कुनै शुल्क लाग्ने छैन्।"

१९. **मूल ऐनको दफा ३९ मा संशोधनः** मूल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको छः-

"**३९. कोषको स्थापना र सञ्चालनः** (१) प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्द्धन तथा संरक्षणका लागि "प्रदेश

औद्योगिक तथा लगानी प्रवर्द्धन कोष" स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका लघु, घरेलु तथा साना उद्यम विकास कोष, लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोष, प्रविधि विकास कोष, महिला उद्यमशीलता विकास कोष, जोखिम पूँजी (भेञ्चर क्यापिटल) कोष, रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष र औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोषबाट भएको लगानी फिर्ता बापत प्राप्त वा त्यस्तो कोषमा रहेको रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम,

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गर्न सक्नेछः-

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास,

(ग) औद्योगिक विकास,

(घ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,

(ङ) महिला उद्यमशीलता विकास।

(च) प्रदेश सरकारले आवश्यक देखेका अन्य उपयुक्त क्षेत्रहरु।

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गरिने छैनः-

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य यस्तै प्रकृतिको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) औद्योगिक तथा लगानी प्रवर्द्धन सम्बन्धी विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।"

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **मूल ऐनको अनुसूची-१ मा संशोधनः** मूल ऐनको अनुसूची -१ को क्रमसंख्या (५) को सट्टा देहायको क्रमसंख्या (५) राखिएको छः-

"(५) मार्वल, ग्रेनाईट, चुनढुङ्गा, खरीढुङ्गा, ईट्टा, ह्युमपाईप उद्योग"

२१. **मूल ऐनको अनुसूची-५ मा संशोधनः** मूल ऐनको अनुसूची-५ को,-

(१) अनुसूची शीर्षकमा रहेको "निर्माण" भन्ने शब्दको सट्टा "पूर्वाधार" भन्ने शब्द राखिएको छ।

(२) क्रमसंख्या (१) मा रहेको "सड" भन्ने शब्दको सट्टा "सडक" भन्ने शब्द राखिएको छ।

२२. **मूल ऐनको अनुसूची-६ मा संशोधनः** मूल ऐनको अनुसूची-६ को क्रमसंख्या (१०) मा "जलक्रिडा (वाटर इन्टरटेनमेन्ट)" भन्ने शब्दहरु थपिएका छन्।

२३. **मूल ऐनको अनुसूची-७ मा संशोधनः** मूल ऐनको अनुसूची -७ को क्रमसंख्या (८) मा "नलेज प्रोसेस आउटसोर्सिङ (के.पी.ओ.)" भन्ने शब्दहरु थपिएका छन्।

२४. **मूल ऐनको अनुसूची-८ मा संशोधनः** मूल ऐनको अनुसूची-८ को क्रमसङ्ख्या (६५) पछि देहायको क्रमसङ्ख्या (६६) थप गरिएको छः-

"(६६) राइड शेयरिङ सेवा।"

२५. **मूल ऐनको अनुसूची-९ मा संशोधनः** मूल ऐनको अनुसूची-९ को क्रमसंख्या (३) मा रहेको "निर्माण" भन्ने शब्दको सट्टा "पूर्वाधार" भन्ने शब्द राखिएको छ।

**प्रमाणीकरण मितिः २०८२।०४।१९**

**आज्ञाले,**
**कृष्ण बहादुर शाही**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-